खानेपानी, सरसफाइ तथा स्वच्छता योजना प्रतिवेदन

चित्रेभञ्ज्याङ्ग गाविस

स्याङ्गजा जिल्ला

तयार गर्ने :
गाउँ विकास समितिको कार्यालय, चित्रेभञ्ज्याङ्ग
तयार गरिएको मिति : २०७२/०७/२०

चित्रेभञ्ज्याङ गा.वि.स., स्याङजाको
गाउँ विकास समिति स्तरीय
खानेपानी, सरसफाइ तथा स्वच्छता योजना

अद्यावधिक योजना (२०७१–२०७५)
Updated V-WASH Plan (2071-2075)
२०७१

श्री गाउँ विकास समितिको कार्यालय

चित्रेभञ्ज्याङ, स्याङ्जा
स्थापित २०४७

प.सं. :

च.नं :

मिति : २०७२।१०।०२

विषय : धन्यवाद ज्ञापन

'सन २०१५ सम्म सबैलाई खानेपानी र २०१७ सम्ममा सरसफाईमा सुविधा'पुऱ्याउने अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरूपखानेपानी, सरसफाई स्वास्थ्य क्षेत्रलाई आधारभुत आवश्यकता प्रयोग गर्ने गरी लागू भएको यस गा.वि.स. स्तरिय वास योजनालाई अद्यावधिक गर्न पाउँदा हामीलाई धेरै खुसी लागेको छ। यस आयोजनाबाट यस गा.वि.स मा रहेका ८५४ घरधुरीका सदस्यहरू प्रत्यक्ष रूपमा यस कार्यक्रमबाट लाभान्वित भएका छन्। यस योजना एउटा एकीकृत र सामाजिक रूपमा तयार पारिएको हुँदा आवश्यकतालाई सहज र पूर्वाग्रह रहित हिसाबले पूर्ति गर्ने लक्ष्यका साथ अगाडि बढिरहेको छ।

दुर्गम क्षेत्र र योजनाको माध्यामबाट पछाडी पारिएको ठाउँका जनतालाई खानेपानी, सरसफाई, स्वास्थ्य, पोषण तथा आय आर्जनको कार्यक्रम संचालन गरी गरिब विपन्न तथा वञ्चीतिकरणमा परेका जनताको जनचेतना वृद्धि, जिविकोपार्जनमा सुधार, शारिरीक सरसफाई तथा मानसिक स्वास्थ्य बनाउने अभिप्रायले एकीकृत कार्यक्रम सञ्चालन भैरहेको सन्दर्भमा चित्रेभञ्ज्याङ गा.वि.स.को पुर्वाधार विकास सम्पन्न गराउनयसले सहयोग पुऱ्याएको कुरा कसैबाट छिपेको छैन।

अन्त्यमा, वास योजनासँग आबद्ध भई पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, जिल्ला विकास समिति स्याङ्जा नेपाल रेडक्रस सोसाइटी स्याङ्जा लगायत जिल्लाका विकास संस्थाहरुसँग सहकार्य गर्न पाउँदा खुसी छु। पहिला यस योजना तयार गर्ने क्रममा र अहिले वास योजना अद्यावधिक गर्ने क्रममा कटिबद्ध भई लाग्नु हुने सबै घर परिवार सम्पुर्ण व्यक्तित्व गा.वि.स स्तरिय खानेपानीतथा सरसफाई समन्वय समितिका पदाधिकारीहरु, वडा स्तरीय सामुदायिक स्वास्थ्यतथा सरसफाई कार्यसमितिका पदाधिकारीहरुलाई गा.वि.स. को तर्फबाट धन्यवाद। यस योजनालागू गर्ने क्रममा विशेष सहजीकरण सल्लाह र सहयोग गर्ने जिल्ला विकास समिति तथा वास युनिटमा खट्ने सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरु प्रति आभार व्यक्तगर्दछु। आशा छ यहाँहरुको सहयोगले चित्रेभञ्ज्याङ गा.वि.स. खानेपानी सरसफाई र स्वास्थ क्षेत्रमा नमुना गाविसको रूपमा स्थापित हुनेछ।

धन्यवाद !

(चूडामणि ढकाल)
सचिव, का.स. अध्यक्ष

विषय सूची

खण्ड एक

परिचय १

१.१ पृष्ठभूमि १

१.२ उद्देश्य २

१.३ विधि ३

१.४ सिमितता ४

खण्ड दुई

२.१ चित्रेभन्ज्याङ् गाउं विकास समितिको सामान्य जानकारी ५

२.१.१ संक्षिप्त परिचय ५

२.१.२ अवस्थिति, सिमाना तथा प्रशासनिक विभाजन ६

२.१.३ क्षेत्रफल तथा भूउपयोग ६

२.१.४ जनसङ्ख्या ६

२.१.५ वडागत तथा जातीय आधारमा तुलनात्मक घरसङ्ख्या ७

२.१.६ शैक्षिक संस्थाहरु ८

२.१.७ गा.वि.स.मा उपलब्ध जनशक्तिको तुलनात्मक विवरण ९

२.१.८ गा.वि.स.मा विद्यमान सेवामूलक कार्यालयहरु ९

२.२ चित्रेभन्ज्याङ गाविसमा खानेपानीको तुलनात्मक अवस्था ९

२.२.१ खानेपानीको उपलब्धताको अवस्था ९

२.२.२ खानेपानी स्रोतको वर्गीकरण ११

२.२.३ खानेपानी स्रोतको सुविधा स्तर निर्धारण १३

२.२.४ चित्रेभन्ज्याङ गा.वि.स.मा सञ्चालित खानेपानी योजनाहरूको स्थिति १५

२.३ स्वास्थ्य र सरसफाईको स्थिति १५

२.३.१ स्वास्थ्य १६

२.३.२ सरसफाई १६

२.३.३ पूर्ण सरसफाईका सूचकहरूको स्थिति १९
२.३.४ वातावरणिय सरसफाईको अवस्था २२
२.४ गा.वि.सको वाश योजना कार्यान्वन तथा संसोधित कार्ययोजना २३
२.४.१ विभिन्न खानेपानी योजनाहरू २३
२.४.२ सम्भाव्य लगानीका स्रोतहरू २४
२.५ जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनीकरण २४
२.५.१ जोखिम सम्बन्धमा बिगतको सिकाई पहिचान २४
२.५.२ भविष्यमा हूनसक्ने जोखिमहरुको प्रकृति बिश्लेषण गर्ने, बिपद तथा जोखिम न्यूनीकरण र जलबायू अनूकूलन सम्बन्धी बिकल्पहरु २४
२.५.३ सुझावहरु २५
२.६ तर्जुमा गरिएका क्रियाकलापहरू २५

खण्ड तिन

निष्कर्ष तथा भावी कार्यदिशा २६
३.१ निष्कर्ष २६
३.२ भावी कार्यदिशा २७

अनुसूचीहरू

तालिका सूची

तालिका	शीर्षक	पृष्ठ
१.	चित्रेभञ्ज्याङ गा.वि.स.का घरधुरीको जातजातिगत आधारमा वितरण	७
२.	चित्रेभन्ज्याङ् गाविसमा खानेपानीको अवस्था	१०
३.	खानेपानी स्रोतको वर्गीकरण	१२
४.	खानेपानी स्रोतहरूको सुविधा स्तर निर्धारण	१४
५.	चित्रेभन्ज्याङ् गा.वि.स.मा सञ्चालित खानेपानी योजनाहरूको स्थिति	१५
६.	घरायसी शौचालयको अवस्था	१७
७.	संस्थागत शौचालयको अवस्था	१९
८.	पूर्ण सरसफाईका सूचकहरूको स्थिति	२०
९.	प्रस्ताव गरिएका विभिन्न खानेपानी योजनाहरू	२३
१०.	तर्जुमा गरिएका क्रियाकलापहरू	२५

खण्ड एक

परिचय

१.१ पृष्ठभूमि

नेपाल सरकारको सन २०१७ सम्ममा सवैलाई खानेपानी र सरसफाइ सुविधा पुर्‍याउने लक्ष हासिल गर्ने दिशामा सहयोग गर्दै स्थानीय निकायहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार र फिनल्याण्ड सरकारका वीच पश्चिम नेपालका विभिन्न नौ वटा जिल्लाहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालनको लागि द्विपक्षिय सम्झौता भए वमोजिम पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना सन २००८ देखि २०१३ अवधिको पहिलो चरण सफलतापूर्वक सम्पन्न गरी सन् २०१३ देखि २०१८ सम्मको अवधिको लागि दोस्रो चरण आरम्भ भएको छ ।

यस सन्दर्भमा समुदायले सहभागितात्मक रुपमा तर्जुमा गरेको योजनाले मात्र समुदायका वास्तविक आवश्यकताको पहिचान गर्न सक्दछ र वाशको क्षेत्रमा गरिने बाह्य सहयोग वास्तविक आवश्यकता भएको वर्गमा पर्दछ जसले स्थानीय सरकारको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा र कार्यान्वयन गर्ने क्षमतालाई विकास गरी सन् २०१७ को नेपाल सरकारको लक्ष पुरा गर्न सहयोग गर्दछ भन्ने मान्यतालाई अंगीकार गरी परियोजनाको पहिलो चरणमा विभिन्न ५२ वटा गाविसको गाउंस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना र एउटा नगरपालिकाका वडाहरुको वडास्तरीय योजना तर्जुमामा सहयोग गरिएको थियो ।

यस परिप्रेक्ष्यमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजनामा तर्जुमा भएका क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि परियोजनाले पहिलो चरणमा पर्याप्त आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गरायो जसको फलस्वरुप: खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रमा उक्त गाविसहरुमा आमूल परिवर्तन भएको छ ।

परियोजनाको दोस्रो चरणको परियोजना दस्तावेजले वास्तविक रुपमा सेवाविहीन, जसले हालसम्म खानेपानी कार्यक्रमको लागि कुनै पनि बाह्य सहयोग प्राप्त गरेका छैनन् त्यस्ता क्षेत्रमा मात्र परियोजनाको सहयोग केन्द्रीत गर्ने निर्देश गरे वमोजिम परियोजनाको सहयोग विस्तारको लागि थप दुर्गम तथा सेवाविहीन गाविसहरु छनौट गरी सोहि वमोजिमको योजना

तर्जुमा गरी सहयोग गर्ने भन्ने उल्लेख भएको छ । यसका साथै परियोजनाको पहिलो चरण सम्पन्न भएका गाविसहरुवाट क्रमशः परियोजनाको सहयोगको बहीर्गमन गर्दै जानको लागि समेत उक्त गाविसहरुको हालको खानेपानी, सरसफाइ तथा स्वच्छताको वस्तुस्थिति अद्यावधिक गर्नु आवश्यक देखिएको र साथै परियोजनाको बहिर्गमन पश्चात समेत गाविसले सेवा पुग्न बांकी रहेका क्षेत्रमा अतिरिक्त स्रोतको खोजी गरी वा आफ्नै स्रोत परिचालन गर्न समेत अद्यावधिक खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको आवश्यकता पर्ने भएकोले समेत पहिलो चरणमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा भएका सवै गाविसहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक गर्नु वाञ्छनीय देखिएकोले खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक कार्यमा सहजीकरण गर्ने जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय जस अन्तर्गतको जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता एकाइ र गाउं विकास समिति समेतलाई उक्त कार्यको लागि सहयोगी दस्तावेजको रुपमा तयार गरिएको गाउं विकास समिति स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक गर्ने निर्देशिका (VWASH Plan Updating Guidelines) बमोजिम यो प्रतिवेदन तयार गरिएको छ ।

१.२ उद्देश्य

गाउस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक कार्यको समग्र उद्देश्य गाउं विकास समितिलाई स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को दफा (६५) ले प्रत्येक स्थानीय निकायलाई आफ्नो सिमाक्षेत्रभित्र सञ्चालन हुने विकास निर्माण कार्य जनमुखी, सहभागितात्मक, प्रभावकारी, सुव्यबस्थित र दीगो प्रतिफल दिने गरी सञ्चालन गर्न आवधिक गाउं विकास योजना तयार गरी सोही योजना अन्तरगतका आयोजनाहरुलाई प्राथमिकताको आधारमा सञ्चालन गर्न निर्देशित गरे वमोजिम अद्यावधिक गाविस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरिएको छ ।

यसका अतिरिक्त यस कार्यका खास उद्देश्यहरु निम्न वमोजिम रहेका छन् ।

- गाउं विकास समितिको खानेपानी, सरसफाई तथा स्वच्छताको वर्तमान अवस्थाको विष्लेशण गरी सवैका लागि खानेपानी र सरसफाइ सुविधा उपलव्ध गराउन अव आवश्यक पर्ने स्रोतको पहिचान गर्नु,

- गाविस क्षेत्रभित्र सेवाविहीन, सेवा प्राप्त र सुविधा स्तरोन्नती गर्नुपर्ने समुदायको पहिचान गरी प्राथमीकीकरण गर्ने र सोहि वमोजिम स्रोतको विनियोजन गर्ने,
- गाविसको पूर्ण सरसफाइको रणनैतिक योजना तर्जुमा गर्ने र सोहि वमोजिम कार्यक्रमहरु तय गर्ने,
- जलवायु परिवर्तनबाट खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा पर्न गएका तथा भविष्यमा पर्न सक्ने असरहरुको वारेमा अध्ययन गरी विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका क्रियाकलापहरु पहिचान तथा तर्जुमा गर्नु,
- पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजनाको दोस्रो चरणको अवधारणा वमोजिम उक्त गाविसमा परियोजनाको सहयोगको स्तर निर्धारण गरी सोहि वमोजिम कार्ययोजना तयार गर्ने कार्यमा सहयोग गर्नु रहेको छ ।

१.३ विधि

गाउस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक कार्यको लागि निम्न वमोजिमको क्रियाकलाप गरिएको थियो ।

क्र.सं.	क्रियाकलापको नाम	समयाबधी	कैफियत
१	सहजकर्ताको तालिम तथा विद्यमान वाश योजनाको डेस्क अध्ययन कार्य	७ दिन	जिल्लास्तरमा
२	गाविसस्तरीय अद्यावधिक कार्यशाला	१ दिन	गाविसस्तरमा
३	वडास्तरीय कार्यको लागि तयारी	३ दिन	गाविसस्तरमा
४	वडास्तरीय तथ्यांक अद्यावधिक कार्यशाला	९ दिन	वडास्तरमा
५	तथ्यांकको प्रारम्भिक विष्लेशण तथा योजना तर्जुमा पूर्व तयारी	८ दिन	गाविसस्तरमा
६	गाविसस्तरीय योजना तर्जुमा कार्यशाला	२ दिन	गाविसस्तरमा

उपरोक्त क्रियाकलापहरुमध्ये सहजकर्ताको तालिम व्यवस्थापन र प्रतिवेदन लेखन कार्यको संयोजन जिल्ला विकास समितिले गरेको छ भने बांकी क्रियाकलापहरु सहजकर्ताको सहयोगमा गाउ विकास समिति/VWASHCC र वडा नागरिक मञ्चले आयोजना गरेका थिए ।

समग्र अद्यावधिक कार्यको अगुवाईको कार्य गाविसले गरेको थियो जसको लागि गाविसलाई आवश्यक सहयोग गर्न जिल्ला विकास समितिले एकजना सामाजिक र एकजना प्राविधिक कर्मचारी उपलब्ध गराएको थियो ।

१.४ सिमितता

यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना, जिल्लाको यस क्षेत्रको विकासको निम्ति पूर्णरुपमा सहयोगी रहेपनि यसका आफ्ना केही सीमितताहरु रहनेछन्:

- अपर्झट आउनसक्ने तत्कालिन आवश्यकताहरुको प्राथमिकिकरण
- पर्याप्त बजेट विनियोजनमा न्यूनता
- प्राथमिक तहको तथ्याङ्कको सहज उपलब्धता
- राजनैतिक स्थिरता एवं स्थानीय सरकार तथा सुशासन
- पर्याप्त प्राविधिक तथा प्रशासनिक कर्मचारीको खटनपटन
- दातृ राष्ट्र तथा संघ, संस्थाहरुको सहयोगको सुनिश्चितता एवं निरन्तरता
- राजनीतिज्ञ तथा योजनाकारहरुको दूरदृष्टि

खण्ड दुई

२.१ चित्रेभन्ज्याङ् गाउं विकास समितिको सामान्य जानकारी

२.१.१ संक्षिप्त परिचय

स्याङजा जिल्लाको निर्वाचन क्षेत्र नं २ अर्न्तगत पर्ने यो गा.वि.स. जिल्लाको एक अति दुर्गम तथा विकट गा.वि.स.को रुपमा चिनिन्छ । मगर जनजातिको अत्याधिक वाहुल्यता रहेको यस गा.वि.स.मा कामी, सार्की ,दमाई, ब्राह्मण, ठकुरी र मुस्लिम जस्ता अन्य जनजातिहरुको मिश्रित बसोबास रहेको छ । आर्थिक रुपमा अधिकांश विपन्न समुदायहरुको बसोबास रहेको यस गा.वि.स.मा हालसम्म पनि खर र स्याउलाले छाएका घरहरुमा आफ्नो जीवन बिताईरहेका परिवारहरु पर्याप्त मात्रमा रहेका छन् ।

खानेपानीको हिसावले हेर्दा हाल सम्म पनि विकराल अवस्थावाट यहाँका वासिन्दाहरु गुज्रीरहेका छन् । बस्ती डाँडामा रहेको र बस्ती तल खेतवारी बनजङ्गल त्यसपछि मात्र पानीका श्रोतहरु रहेको हुँदा बस्ती भन्दा धेरै तल मात्रै खानेपानीका श्रोतहरु रहेका छन् । जसले गर्दा खानेपानी योजना सञ्चालन गर्न निकै चुनौतीपूर्ण देखिन्छ । शौचालय प्रयोगको हिसावले हेर्दा पनि यो स्थान निकै पीछडीएको छ । अधिकांस घर तथा सार्वजानिक एवं संस्थागत शौचालय नभएको र निर्माण भएका व्यक्तिगत तथा संस्थागत शौचालयहरु पनि पानीको अभाव र चेतनाको कमीले गर्दा उचित एवं पूर्ण रुपले प्रयोग हुन सकेका छैनन् । खुल्ला दिसापिसाब यहाँको सामान्य जीवनशैली हो भने बंगुर, कुखुरा र कुकुरले त्यसमा प्रदुषण फैलाई सरुवारोगको प्रकोपले यहाँका जनताहरु ग्रसित रहेका छन् । जिल्लामा रहेका गा.वि.स. सँग तुलना गर्दा खानेपानी र सरसफाईको हिसावले यो गा.वि.स. सवैभन्दा उच्च अभाववाट गुज्रीरहेको पाईन्छ ।

यातायातको हिसाबले हेर्दा यस गा.वि.स.का प्रत्येक वार्डलाई कच्ची मोटरबाटोले छोएको छ । यस गा.वि.स.मा पुग्न जिल्ला सदरमुकाम स्याङजा बजारबाट एकदिन भरिको पैदल यात्रा तय गर्नुपर्छ, हिउँदमा भने स्याङजा बजारवाट बहाकोट, ओरप्टे, किचनास, मग्याम चिसापानी सम्मको ३० कि.मि.को यात्रा पछि थप २ घण्टाको पैदल यात्रा पछि मात्र पुग्न सकिन्छ भने वर्षा याममा कास्कीको पोखरा, तनहूँको भिमादहुदै करीव ९५ किलोमिटरको यात्रा पछि बस, जिपहुदै यस गा.वि.स.मा पुग्न सकिन्छ । यस गा.वि.स.मा कच्ची बाटोले सवै वार्डलाई

जोडेको भएतापनि जिपमात्र चल्ने एउटामात्र मुख्य कच्ची सडक रहेको छ, जहाँ तनहुँको भिमादसम्म नियमित २/३ वटा जिपहरु बिहानमा जाने र साँझमा फर्किने गर्दछन् । यहाँका जनताको बाध्यता आफ्नै जिल्ला सदरमुकाम आउन पनि तनहूँ र कास्की जिल्लाको सदरमुकाम हुदै आउनुपर्ने रहेको छ । तनहूँ र स्याङजा जिल्लाको नाकाको रुपमा रहेकोले मिर्दी भिमाद सडकलाई विकास र विस्तार गर्न सकेमा यस स्थानलाई एक स्थानीय वजारको रुपमा विकास गरी जनताको जिवनस्तर सुधार गर्न सकिने पर्याप्त सम्भावना रहेको छ । तनहुँको भिमादबाट यस गा.वि.स. हुँदै क्याक्मी गा.वि.स.सम्म जिपहरु चल्दछन । हिउँदको समयमा भने पोखरावाट सिधै यस गा.वि.स. सम्म मिनिवस र जिपहरु चल्दछन ।

२.१.२ अवस्थिति, सिमाना तथा प्रशासनिक विभाजन

यो गा.वि.स. स्याङ्जा जिल्लाको दक्षिणी भेगमा पर्दछ । यस गा.वि.स. को पुर्वमा तनहुँ जिल्लाको अरुणोदय गा.वि.स., पश्चिममा स्याङ्जा जिल्लाको किचनास, उत्तरमा मग्याम चिसापानी, र दक्षिणमा क्याक्मी तथा चिन्नेवास गा.वि.स. संग सिमाना जोडिएको छ । प्रशासनिक हिसाबले यस गा.वि.स. ९ वटा वडामा विभाजित छ ।

२.१.३ क्षेत्रफल तथा भूउपयोग

यस गा.वि.स.ले १५.३९ वर्ग किलो मीटर क्षेत्रफल ओगटेको छ । चिसो र सुख्खा हावापानी रहेको यस गा.वि.स.मा पाखो बारी र ठाडो भीरले अत्यधिक भु-भाग ओगटेको छ । यस गा.वि.स.मा उत्पादनशिल तथा खेती योग्य जमिन अति कम मात्र रहेका छ । यहाँको मुख्य उत्पादन कोदो, मकै र धानखेती रहेको छ भने हिउँदमा नगन्य मात्रमा गहूँ र तोरी खेती पनि गरिन्छ । बनजंगल र भिरालोपाखाले भरिएको यस गा.वि.स.को ठाउँ–ठाउँमा खाली चउर पनि रहेको छ ।

२.१.४ जनसङ्ख्या

वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार यस चित्रेभन्ज्याङ गा.वि.स. को जम्मा घरधुरी सङ्ख्या ८१३ र कुल जनसङ्ख्या ३५५१ रहेको छ जसमा महिला जनसङ्ख्या २०३१ (५७.२०%) र पुरुष जनसङ्ख्या १५२० (४२.८०%) छ । यस अनुसार लैङ्गिक अनुपात ७४.८४ छ ।

२.१.५ वडागत तथा जातीय आधारमा तुलनात्मक घरसङ्ख्या

स्याङजा जिल्लाको पूर्वी भागमा अवस्थित यस गा.वि.स. मुख्यतः मगर, विश्वकर्मा, नेवार, ब्राह्मण, भुजेल, क्षेत्री, दर्जी, नेपाली, ठकुरी आदि जात जातिका मानिसहरू बस्ने गर्दछन् । मगर जातिको सङ्ख्या अत्याधिक रहेको यस गा.वि.स.का घरधुरीको जातजातिगत आधारमा गरिएको वर्गीकरण निम्न तालिकामा देखाइएको छ :

तालिका १

चित्रेभञ्ज्याङ गा.वि.स.का घरधुरीको जातजातिगत आधारमा वितरण

वडा नं.	टोलको नाम	विद्यमान वाश योजना वमोजिमको घरसंख्या						हालको घरसंख्या					
		दलित	आदिवासी जनजाती	धार्मिक अल्पसंख्यक	अन्य तराइ पिछडा वर्ग	अन्य	जम्मा	दलित	आदिवासी जनजाती	धार्मिक अल्पसंख्यक	अन्य तराइ पिछडा वर्ग	अन्य	जम्मा
१	कदमगैह्रा							२	३०	३	०	१०	४५
	घूरुम्से							१	२०	०	०	४	२५
	महरडाडा							०	८	०	०	०	८
	अग्रीटारी							५	१०	०	०	१	१६
	जम्मा							**८**	**६८**	**३**	**०**	**१५**	**९४**
२	ढुन्गेटाटी							२०	३१	०	०	०	५१
	वरडाडा							४	१६	०	०	०	२०
	जम्मा							**२४**	**४७**	**०**	**०**	**०**	**७१**
३	हटिया							१४	२६	०	०	०	४०
	बाजोपोखरी							०	३८	०	०	०	३८
	गृहकोट माझकोट							२०	०	०	०	०	२०
	जम्मा							**३४**	**६४**	**०**	**०**	**०**	**९८**
४	सानीस्वारामाथिल्लो							०	९	०	०	०	९
	सानीस्वारातल्लो							१०	३८	०	०	०	४८
	छिपुङ माथिल्लो							०	११	०	०	८	१९
	छिपुङ तल्लो							२	३	०	०	०	५
	जम्मा							**१२**	**६१**	**०**	**०**	**८**	**८१**
५	करङस्वारा							०	६६	०	०	०	६६
	हटिया							०	४९	०	०	०	४९
	खुमवारी							४	१५	०	०	०	१९
	जम्मा							**४**	**१३०**	**०**	**०**	**०**	**१३४**
६	राम्चे							३५	३७	०	०	६	७८
	धरमपानी							०	१	२३	०	०	२४
	वगर							०	६	०	०	७	१३
	जम्मा							**३५**	**४४**	**२३**	**०**	**१३**	**११५**
७	रिजाल							०	०	०	०	१०	१०
	छोटडाडा							०	३	०	०	०	३
	वनपाला							०	५	०	०	०	५
	त्रिवेणी							०	१९	०	०	०	१९
	बि क टोल							२०	०	०	०	०	२०
	लेकाली							३	०	०	०	०	३

वडा नं.	टोलको नाम	विद्यमान वाश योजना वमोजिमको घरसंख्या						हालको घरसंख्या					
		दलित	आदिवासी जनजाती	धार्मिक अल्पसंख्यक	अन्य तराइ पिछडा वर्ग	अन्य	जम्मा	दलित	आदिवासी जनजाती	धार्मिक अल्पसंख्यक	अन्य तराइ पिछडा वर्ग	अन्य	जम्मा
	वरकारी							०	१६	०	०	०	१६
	जम्मा							**२३**	**४३**	**०**	**०**	**१०**	**७६**
८	रोदीखोला							०	६	०	०	०	६
	सारुथर							०	४३	०	०	०	४३
	तालवोटे							०	३०	०	०	०	३०
	गैरीथर							०	१६	०	०	०	१६
	जम्मा							**०**	**९५**	**०**	**०**	**०**	**९५**
९	झिउवास							०	४५	०	०	०	४५
	सिरौले							१७	२८	०	०	०	४५
	जम्मा							**१७**	**७३**	**०**	**०**	**०**	**९०**
गा.वि.स.को जम्मा								**१५७**	**६२५**	**२६**	**०**	**४६**	**८५४**
प्रतिशत								**१८.३८**	**७३.१८**	**३.८४**		**५.४०**	**१००.०**

माथिको तालिकामा देखाइए जस्तै यस गा.वि.स. का कुल ८५४ घरधुरीमध्ये ७३.१८ प्रतिशत अर्थात् ६२५ घरधुरी आदिवासी/जनजातिका छन् भने १८.३८ प्रतिशत अर्थात्. १५७ घरधुरी, दलितका छन् भने ५.४० प्रतिशत अर्थात् ४६ घरधुरी अन्य समूहका छन् र ३.८४ प्रतिशत अर्थात् २६ घरधुरी धार्मिक अल्पसंख्कयका रूपमा मुस्लिमहरूका रहेका छन् । यस प्रकार जातजातिगत आधारमा आदिवासी जनजातिको बाहुल्यता रहेको प्रष्ट देख्न सकिन्छ ।

२.१.६ शैक्षिक संस्थाहरु

जनजातिको बाहुल्यता रहेको र परम्परागत रुपमा नेपाल, भारत, तेश्रो मुलुकमा समेत सेनामा भर्ती हुने यहाँको नियमित र मुख्य आयस्रोतको बाटो भएको र हाल वैदेशिक रोजगार विशेष गरी खाडीमुलुकमा जाने प्रचलन रहेकोले हाल सम्म पनि शिक्षा क्षेत्र प्राथमिकतामा पर्न सकेको छैन, अधिकांश युवा युवतीहरुले हालसम्म पनि माध्यमिक तहसम्मको पढाईसमेत पुरा नगरी पलायन हुनेहरुको संख्या उल्लेखनिय रहेको छ । यस गा.वि.स.मा हाल दुई मा.वि. र पाँचवटा प्रा.वि. रहेका छन् ।

२.१.७ गा.वि.स.मा उपलब्ध जनशक्तिको तुलनात्मक विवरण

विपन्नता र गरिबीले ग्रसित यहाँका व्यक्तिहरु स्थानिय स्तरमा विभिन्न श्रमिकको रुपमा काम गरी जीवन गुजारा गर्न बाध्य छन् । यहाँ स्थानीय ढुङ्गामाटो र काठको काम गर्ने ज्यामीहरु प्रयाप्त रहेका छन् भने सिमेन्टको काम गर्ने श्रमिकहरु पनि रहेका छन् । कामको पर्याप्त उपलब्धता नहुनाले ज्यालाको निश्चित दर रेट रहेको छैन । स्थानिय स्तरमा नै सहमति कायम गरी ज्याल निर्धारण गरिन्छ । हाल स्थानिय स्तरमा दैनिक रु २००।- अदक्ष श्रमिक र रु ४००।- दक्ष श्रमिक दैनिक प्रचलनमा रहेको छ । प्रायः दलित र जनजाति समुदायका व्यक्तिहरु ज्यामीको रुपमा बाहुल्यता रहेतापनि अन्य सवै जातिका व्यक्तिहरु श्रमिकको रुपमा कार्य गरीरहेका छन् । यहाँ हाल उत्पादनको अवस्थामा रहेको पुतपुते (जलविद्युत) हाईड्रो पावरले गर्दा हाउस वायरीङ्ग तालिम संचालन भई गा.वि.स.का १९ जनापुरुषले हाउस वायरीङ्ग तालिम प्राप्त गरेका छन । गा.वि.स.मा १५ महिने सि.एम.ए. तालिम प्राप्त ३ जना जनशक्ति रहेका छन् ।

२.१.८ गा.वि.स.मा विद्यमान सेवामूलक कार्यालयहरु

यस गा.वि.स.भित्र गा.वि.स. को कार्यालय र उपस्वास्थ चौकी जस्ता नेपाल सरकारका कार्यालयहरु छन ।

२.२ चित्रेभन्ज्याङ् गाविसमा खानेपानीको तुलनात्मक अवस्था

वि.स. २०६८ मा तयार पारिएको यस गा.वि.स.को वास योजनामा यहाँका बासिन्दा खानेपानीको हिसावले हेदा विकराल अवस्थावाट गुज्रीरहेको कुरा उल्लेख गरिएको थियो । यहाँका कुनैपनि बस्तिमा सफा र पिउनयोग्य पानी बाह्रैमास उपलब्ध नभएको कुरासमेत उल्लेख गरिएको थियो । यहाँ बस्तीहरु डाँडामा रहेका र बस्ती तल खेतवारी बनजङ्गल त्यसपछि मात्र पानीका श्रोतहरु रहेको हुँदा बस्ती भन्दा धेरै तल मात्रै खानेपानीका श्रोतहरु रहेका छन् । जसले गर्दा खानेपानी योजना सञ्चालन गर्न निकै चुनौतीपूर्ण बन्ने गर्छ ।

२.२.१ खानेपानीको उपलब्धताको अवस्था

वास योजना कार्यान्वयन पश्चात चित्रेभन्ज्याङ् गाविसमा अवस्थित घरधुरीहरूमा हाल उपलब्ध खानेपानीको अवस्थालाई निम्न तालिकामा देखाइएको छ :

तालिका २

चित्रेभन्ज्याङ् गाविसमा खानेपानीको अवस्था

वडा नं.	टोलको नाम	विद्यमान वाश योजना वमोजिमका घरसंख्या				हालको अवस्था			
		खानेपानी सुविधा प्राप्त	सुविधा स्तरोन्नती गर्नुपर्ने	सुविधा नपुगेका	जम्मा घरसंख्या	खानेपानी सुविधा प्राप्त	सुविधा स्तरोन्नती गर्नुपर्ने	सुविधा नपुगेका	जम्मा घरसंख्या
१	कदमगैह्रा					२०	२५	०	४५
	घूरुम्से					२५	०	०	२५
	महरडाडा					०	०	८	८
	अग्रीटारी					१६	०	०	१६
	जम्मा					**६१**	**२५**	**८**	**९४**
२	ढुन्गेटाटी					४१	१०	०	५१
	वरडाडा					१०	७	३	२०
	जम्मा					**५१**	**१७**	**३**	**७१**
३	हटिया					४०	०	०	४०
	बाजोपोखरी					३८	०	०	३८
	गृहकोट माझकोट					२०	०	०	२०
	जम्मा					**९८**	**०**	**०**	**९८**
४	सानीस्वारा माथिल्लो					९	०	०	९
	सानीस्वारा तल्लो					४८	०	०	४८
	छिपुङ माथिल्लो					१९	०	०	१९
	छिपुङ तल्लो					०	०	५	५
	जम्मा					**७६**	**०**	**५**	**८१**
५	करङस्वारा					०	६५	०	६५
	हटिया					४९	०	०	४९
	खुमवारी					२०	०	०	२०
	जम्मा					**६९**	**६५**	**०**	**१३४**
६	राम्चे					४३	०	३५	७८
	धरमपानी					१८	०	६	२४
	वगर					०	०	१३	१३
	जम्मा					**६१**	**०**	**५४**	**११५**
७	रिजाल					१०	०	०	१०
	छोटडाडा					३	०	०	३
	वनपाला					५	०	०	५
	त्रिवेणी					१९	०	०	१९
	बि क टोल					०	०	२०	२०
	लेकाली					०	०	३	३
	वरकारी					१६	०	०	१६
	जम्मा					**५३**	**०**	**२३**	**७६**
८	रोदीखोला					०	६	०	६
	सारुथर					०	३७	६	४३
	तालवोटे					०	२४	६	३०
	गैरीथर					०	१६	०	१६
	जम्मा					**०**	**८३**	**१२**	**९५**
९	झिउवास					०	२७	१८	४५
	सिरौले					०	३६	९	४५
	जम्मा					**०**	**६३**	**२७**	**९०**
गा.वि.स.को जम्मा						**४६९**	**२५३**	**१३२**	**८५४**

वडा नं.	टोलको नाम	विद्यमान वाश योजना वमोजिमका घरसंख्या				हालको अवस्था			
		खानेपानी सुविधा प्राप्त	सुविधा स्तरोन्नती गर्नुपर्ने	सुविधा नपुगेका	जम्मा घरसंख्या	खानेपानी सुविधा प्राप्त	सुविधा स्तरोन्नती गर्नुपर्ने	सुविधा नपुगेका	जम्मा घरसंख्या
प्रतिशत						५४.९२	२९.६२	१५.४६	१००.०

माथिको तालिकाले प्रस्तुत गरे जस्तै यस गा.वि.स.का अधिकतम ५४.९२ प्रतिशत अर्थात् ४६९ घरधुरीमा खानेपानी सुधिवा उपलब्ध छ भने २९.६२ प्रतिशत अर्थात् २५३ घरधुरीमा उपलब्ध सो सुविधाको स्तरोन्नति गर्नुपर्ने देखिन्छ। तालिकाले समेटेको अझ महत्त्वपूर्ण कुरा के हो भने अझै १५.४६ प्रतिशत अर्थात् १३२ घरधुरीमा सो सुविधा पुग्नै सकेको छैन। यस प्रकार खानेपानी सुविधा नै नपुगेका घरधुरीमा सो सुविधा पुऱ्याउने र उपलब्ध सुविधाको स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता क्रममा राखी क्रमशः प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यक देखिन्छ।

२.२.२ खानेपानी स्रोतको वर्गीकरण

चित्रेभञ्ज्याङ गा.वि.स. का सम्पूर्ण घरधुरीमा खानेपानीको उपलब्धता स्थिति माथि नै उल्लेख गरियो। वि.स. २०६८ मा तयार पारिएको यस गा.वि.स.को वास योजना अनुसार यस गा.वि.स.मा १६.५५ प्रतिशत जनसंख्या वर्षातको बेलामा मात्र धारावाट खानेपानीको सुविधा उपभोग गर्न सफल रहेका थिए। यसै गरि १६.४३ प्रतिशत जनताले संरक्षित श्रोतवाट, १६.३१ प्रतिशतले पाईपवाट, ०.८४ प्रतिशतले खोलाबाट र ४९.८८ प्रतिशतले वाह्रैमास असंरक्षित कुवाबाट पानी खाईरहेका थिए। तलको तालिकामा यस गा.वि.स.का विभिन्न वडाका घरधुरीले हाल उपयोग गरिरहेका खानेपानीका स्रोतहरूको वर्गीकरण देखाइएको छ :

तालिका ३

खानेपानी स्रोतको वर्गीकरण

		विद्यमान वाश योजना वमोजिमको घरसंख्या								हालको घरसंख्या						
वडा नं.	टोलको नाम	पाइप धारा	सुधारिएको कुवा	नसुधारिएको कुवा	मूल, पंधेरा	खोला खोल्सी	वर्षातको पानी	पोखरी	जम्मा	पाइप धारा	सुधारिएको कुवा	नसुधारिएको कुवा	मूल, पंधेरा	खोला खोल्सी	वर्षातको पानी	पोखरी
१	कदमगैह्रा									४५	०	०	०	०	०	०
	घूरुम्से									२५	०	०	०	०	०	०
	महरडाडा									८	०	०	०	०	०	०
	अग्रीटारी									१६	०	०	०	०	०	०
	जम्मा									**९४**	**०**	**०**	**०**	**०**	**०**	**०**
२	ढुन्गेटाटी									५१	०	०	०	०	०	०
	वरडाडा									२०	०	०	०	०	०	०
	जम्मा									**७१**	**०**	**०**	**०**	**०**	**०**	**०**
३	हटिया									४०	०	०	०	०	०	०
	बाजोपोखरी									३८	०	०	०	०	०	०
	गृहकोट माझकोट									२०	०	०	०	०	०	०
	जम्मा									**९८**	**०**	**०**	**०**	**०**	**०**	**०**
४	सानीस्वारा माथिल्लो									९	०	०	०	०	०	०
	सानीस्वारा तल्लो									४८	०	०	०	०	०	०
	छिपुङ माथिल्लो									८	०	११	०	०	०	०
	छिपुङ तल्लो									२	०	३	०	०	०	०
	जम्मा									**६७**	**०**	**१४**	**०**	**०**	**०**	**०**
५	करङस्वारा									०	०	६५	०	०	०	०
	हटिया									४९	०	०	०	०	०	०
	खुमवारी									२०	०	०	०	०	०	०
	जम्मा									**६९**	**०**	**६५**	**०**	**०**	**०**	**०**
६	राम्चे									४३	०	३५	०	०	०	०
	धरमपानी									१२	१२	०	०	०	०	०
	वगर									७	०	०	०	६	०	०
	जम्मा									**६२**	**१२**	**३५**	**०**	**६**	**०**	**०**
७	रिजाल									१०	०	०	०	०	०	०

	छोटडाडा									३	०	०	०	०	०	०
	वनपाला									०	५	०	०	०	०	०
	त्रिवेणी									५	०	१४	०	०	०	०
	बि क टोल									०	०	२०	०	०	०	०
	लेकाली									०	३	०	०	०	०	०
	वरकारी									१६	०	०	०	०	०	०
	जम्मा									**३४**	**८**	**३४**	**०**	**०**	**०**	**०**
८	रोदीखोला									६	०	०	०	०	०	०
	सारुथर									३७	६	०	०	०	०	०
	तालवोटे									२४	६	०	०	०	०	०
	गैरीथर									१६	०	०	०	०	०	०
	जम्मा									**८३**	**१२**	**०**	**०**	**०**	**०**	**०**
९	झिउवास									४५	०	०	०	०	०	०
	सिरौले									४५	०	०	०	०	०	०
	जम्मा									**९०**	**०**	**०**	**०**	**०**	**०**	**०**
	कुल									**६६८**	**३२**	**१४८**	**०**	**६**	**०**	**०**
	प्रतिशत									**७८.२२**	**३.७४**	**१७.३३**	**०**	**०.७**	**०**	**०**

माथिको तालिकामा देखाइए झै यस गा.वि.स. का अधिकतम अर्थात् ६६८ (७८.२२%) घरधुरीमा पाइप धारा खानेपानीको मूल स्रोतको रूपमा रहेको छ । यसमा स्तरोन्नति गर्नुपर्ने र नपर्ने दुवै खालका धाराहरू रहेका छन् । यसका अलावा ३.७४ % अर्थात् ३२ घरधुरीको खानेपानीको स्रोत सुधारिएको कुवा भएको पाइयो । उल्लेख्य कुरा १४८ अर्थात् १७.३३ % घरधुरी नसुधारिएको कुवाको पानी पिउन बाध्य छन् भने ६ अर्थात् ०.७% घरधुरी खानेपानीको लागि खोलाखोल्सीमा निर्भर रहेको देखिन्छ । यी स्रोतरूको सुधार र उचित व्यवस्थापन गर्नुपर्ने अहिलेको प्रमुख आवश्यकता देखिन्छ ।

२.२.३ खानेपानी स्रोतको सुविधा स्तर निर्धारण

यस गा.वि.स.मा उपलब्ध खानेपानीको अवस्था र स्रोतहरूको प्रकृतिको व्याख्या माथि नै गरिसकिएको छ । कूवा, धारा र खोला यो गा.वि.स.का बासिन्दाका लागि खानेपानीका प्रमुख स्रोत हुन । अबका क्रममा यस गा.वि.स. का विभिन्न टोल र बस्तीहरूमा उपलब्ध ती खानेपानीका स्रोतहरूको सुविधास्तर निर्धारण निम्न तालिकामा देखाइएको छ :

तालिका ४

खानेपानी स्रोतहरूको सुविधा स्तर निर्धारण

वडा नं.	टोलको नाम	पानी थाप्ने स्थान	हालको अवस्था					
			जम्मा घरसंख्या	गुणस्तर	परिमाण	समय	विश्वसनीयता	सुविधास्तर
१	कदमगैह्रा	धारा	४५	१	१	१	१	१
	घूरुम्से	धारा	२५	१	१	१	१	१
	महरडाडा	धारा	८	१	३	२	२	३
	अग्रीटारी	धारा	१६	१	१	१	२	२
	जम्मा		**९४**					
२	ढुन्गेटाटी	धारा	५१	१	२	१	१	२
	वरडाडा	कुवा	२०	१	२	१	१	२
	जम्मा		**७१**					
३	हटिया	धारा	४०	१	१	१	१	१
	बाजोपोखरी	धारा	३८	१	१	१	१	१
	गृहकोट माझकोट	धारा	२०	१	१	१	१	१
	जम्मा		**९८**					
४	सानीस्वारा माथिल्लो	कुवा	९	३	२	१	१	२
	सानीस्वारा तल्लो	धारा	४८	१	१	१	१	१
	छिपुङ माथिल्लो	धारा	१९	१	१	१	१	१
	छिपुङ तल्लो	कुवा	५	३	२	१	१	३
	जम्मा		**८१**					
५	करङस्वारा	कुवा	६५	३	१	१	१	३
	हटिया	धारा	४९	१	१	१	१	१
	खुमवारी	धारा	२०	१	१	१	१	१
	जम्मा		**१३४**					
६	राम्चे	धारा	७८	१	१	२	१	२
	धरमपानी	मुल	२४	१	१	१	१	१
	वगर	कुवा	१३	३	२	२	१	३
	जम्मा		**११५**					
७	रिजाल	धारा	१०	१	१	१	१	१
	छोटडाडा	धारा	३	३	१	१	१	३
	वनपाला	धारा	५	१	१	१	१	१
	त्रिवेणी	धारा	१९	१	१	१	१	१
	बि क टोल	कुवा	२०	३	२	१	१	३
	लेकाली	कुवा	३	३	१	१	१	३
	वरकारी	कुवा	१६	१	१	१	१	१
	जम्मा		**७६**					
८	रोदीखोला	कुवा	६	३	२	१	१	३
	सारुथर	कुवा	४३	१	२	२	१	२
	तालवोटे	कुवा	३०	१	१	१	१	१
	गैरीथर	कुवा	१६	१	१	१	२	२
	जम्मा		**९५**					
९	झिउवास	कुवा	४५	१	२	२	१	२
	सिरौले	कुवा	४५	१	२	१	२	२
	जम्मा		**९०**					

माथि प्रस्तुत गरिएको तालिका अनुसार यस गा.वि.स. का कुल ३२ टोलहरूको प्रयोग गर्ने स्रोतहरूमध्ये १५ अर्थात् ४६.८८ प्रतिशत टोलका स्रोतको सुविधा स्तर राम्रो रहेको पाइयो भने ८ याने २५.०० प्रतिशत टोलका स्रोतको स्तर औसत र बाँकी ९, याने २८.१२ प्रतिशत टोलका स्रोतको स्तर नराम्रो रहेको पाइयो । महत्त्वपूर्ण कुरा कुनै पनि टोलको खानेपानीको स्रोत एकदमै नराम्रो स्तरको पाइएन, वि.स. २०६८ मा तयार पारिएको यस गा.वि.स.को वास योजनामा यहाँका कुनैपनि बस्तिमा सफा र पिउनयोग्य पानी बाह्रैमास उपलब्ध नभएको कुरा उल्लेख गरिएको थियो । तर अहिले भने त्यस्तो स्थिति छैन । त्यसैले नराम्रो र औसत खालका सुविधाको स्तर बढाउन यथोचित कदम चाल्नु पर्ने देखिन्छ ।

२.२.४ चित्रेभन्ज्याङ् गा.वि.स.मा सञ्चालित खानेपानी योजनाहरूको स्थिति

यस चित्रेभन्ज्याङ् गा.वि.स. मा विभिन्न निकाय र संस्थाहरूद्वारा निर्माण सम्पन्न गरिएका विभिन्न खानेपानी योजनाहरू संचालित छन् । यी मध्ये कुनै धेरै पुराना र कुनै नयाँ पनि छन् । तलको तालिकामा यस गा.वि.स. मा सञ्चालित ती खानेपानी योजनाहरूको विद्यमान स्थिति देखाइएको छ ।

तालिका ५

चित्रेभन्ज्याङ् गा.वि.स.मा सञ्चालित खानेपानी योजनाहरूको स्थिति

क्र.सं	योजनाको नाम	हाल प्रयोगमा [illegible]	योजनाको प्रकार	वडा नं	जम्मा लाभान्वित घर धुरीहरू	लाभान्वित टोलहरूको नाम	सेवा सञ्चालन भएको वर्ष	योजनाको भौतिक अवस्था	सुधार गर्नु पर्ने
१	धाउपानी खा.पा.		लिफ्टीङ्ग	२,३,४,५	३१८	गृहकोट, दुङ्गेठाटी, करङस्वारा			
२	राम्चे खा.पा.		लिफ्टीङ्ग	६	७८	राम्चे			
३	धरमपानी खा.पा.यो.			६	१८	धरमपानी			

२.३ स्वास्थ्य र सरसफाईको स्थिति

वास कार्यक्रम लागु हुनु पुर्व शौचालय प्रयोगको हिसावले हेर्दा पनि स्थान निकै पिछडीएको थियो । अधिकांस घर तथा सार्वजानिक एवं संस्थागत शौचालय नभएको र निर्माण भएका व्यक्तिगत तथा संस्थागत शौचालयहरु पनि पानीको अभाव र चेतनाको कमीले गर्दा उचित एवं पूर्ण रुपले प्रयोग हुन सकेका थिएन । खुल्ला दिसापिसाब गर्ने बानी र त्यसबाट बंगुर,

कुखुरा र कुकुरले प्रदुषण फैलाई सरुवारोगको प्रकोपले यहाँका जनताहरु ग्रसित रहेका गरेका थिए । जिल्लामा रहेका गा.वि.स. सँग तुलना गर्दा सरसफाईको हिसावले यो गा.वि.स. सवैभन्दा उच्च अभाववाट गुज्रीरहेको थियो । यसप्रकार यस गा.वि.स.मा सरसफाई र स्वास्थ्यको अवस्थामा अत्यन्तै नाजुक रहेको थियो ।

२.३.१ स्वास्थ्य

चित्रेभञ्ज्याङ गाविसमा स्वस्थ्य सुविधाका रूपमा १ उपस्वस्थ्य चौकी छ । वडा नं .५ करङस्वारामा अवस्थित यो चौकी स्थानीय जनताको स्वास्थ्य आवश्यकता पूर्ति गर्ने पहिलो निकायको रूपमा रहेका छ ।

अ) बालपोषण

यस गा.वि.स.को भि-वास प्लान तयार गर्ने क्रममा उक्त उपस्वास्थ्य चौकीबाट सङ्कलन गरिएको तथ्याङ्क अनुसार आ.ब. २०७०।७१ मा तौल मापन गरिएका कुल ३४ बालबालिकाहरूमध्ये २१ जना अर्थात् ६१.७६ % को तौल सामान्य रहेको पाइयो भने बाँकी १३ जना याने ३८.२४ % को तौ उमेरको अनुपातमा न्यून रहेको पाइयो । तर कुनै पनि बालबालिकामा कुपोषणको अवस्थ पाइएन भने भिटामिनजन्य तत्त्वको कमीले हुने रोग पनि देखिएको थिएन । तर उल्लेख्य संख्यामा बालबालिकामा तौल न्यून देखिन आएकोले पछि कुपोषण नहोस् भन्ने ग्यारेन्टी गर्न पोषण सुधार कार्यक्रमको आवश्यकता देखिन्छ ।

आ) झाडा पखाला उपचार

उपस्वास्थ्य चौकीले दिएको तथ्याङ्क अनुसार उक्त आ.ब.मा जाँच गरिएका ३४ बालबालिकामध्ये कुनै मा पनि झाडा पखालाको उपचार गर्नु नपरेको देखिन्छ ।

२.३.२ सरसफाई

हाम्रो देशका अधिकांश गा.वि.स.हरूमा विद्यमान घरायसी र वातावरणीय सरसफाई एक चुनौतीको रूपमा रहेको कुरा हामीबाट छिपेको छैन । यसरी घरायसी र वातावरणीय सरसफाई कायम गर्न शौचालयको भूमिका महत्त्वपूर्ण हुने गर्छ । यस गा.वि.स. मा घरायसी र संस्थागत शौचालयको अद्यावधिक स्थिति अबको खण्डमा व्याख्या गरिएको छ ।

अ) घरायसी शौचालय

घरायसी सरसफाईको सवालमा शौचालयको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुने गर्दछ । हाम्रो देशको सन्दर्भमा विगतमा उचित र व्यवस्थित शौचालयको अभावमा झाडा पखाला लगायतका महामारीहरूको संक्रमणले धेरै बालबालिकाले अकालमा ज्यान गुमाएको तथ्य हामीबाट छिपेको छैन । व्यवस्थित शौचालय घरको सान र परिवारका सदस्यको स्वास्थ्यको कडीको रूपमा रहेको हुन्छ । चित्रे भञ्ज्याङ गा.वि.स.का कुल ८५४ घरधुरीमा उपलब्ध शौचलायको प्रकृतिलाई निम्न तालिकामा देखाइएको छ :

